नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङवेशी, धादिङ

बागमती प्रदेश, नेपाल

## धान बाली प्रवर्द्धनको कार्यक्रमको लागि प्रस्ताव आह्वान सम्बन्धि सुचना

सूचना प्रकाशन मितिः २०७९/०९/११

यस नगरपालिकाको आ.व २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार धान बाली प्रर्वद्धन कार्यक्रम रहेको हुँदा ईच्छुक कृषक समुह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकहरुलाई प्रस्ताव आह्वानको सूचना प्रकाशन गरिएको छ ।यस सूचना प्रकाशन भएको मितिले ३० औं दिनभित्र कार्यलयमा तपशिल बमोजिमका कागजातहरु संलग्न गरी आवेदनको लागि प्रस्ताव पेश गर्न सकिनेछ ।यस कार्यक्रम कार्यान्वयनको लागि कम्तिमा २०० रोपनीको एकिकृत साना– साना क्षेत्र वा व्लक (यस्ता उत्पादन व्लकहरु भवन बाटो वा कूलोले ओगटेको क्षेत्र बाहेक यथासम्भव एकआपसमा जोडिएको जग्गाका प्लटहरुबाट बनेको हुनु पर्ने) बनाई खेती गर्ने गरी आवश्यकता अनुसार कार्यक्रम माग गर्न सकिनेछ।

| क्र सं | प्रस्तावित कार्यक्रम/क्रियाकलापहरु | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | धानको बीउ वितरण | ५० | |
| २ | पानी तान्ने मोटर, पाईप र साना सिंचाई निर्माण तथा मर्मतमा सहयोग | ५० | |
| ३ | कृषि औजार वितरण जस्तै मिनिटिलर, विडर, मिनि थ्रेसर, कम्वाईन मिल | ५० | |
| ४ | तौलने मेसिन, सिड ड्रेसिङ ड्रम र धानबाली उत्पादन गर्न आवश्यक अन्य कार्यक्रम भएमा माग गर्न सकिनेछ। | ५० | |

संलग्न गर्नुपर्ने कागजातहरुः

१. माग निवेदन।

२. समुह/सहकारी संस्था/निजि फर्म दर्ता प्रमाणपत्र, कर चुक्ता, प्यान र लेखापरिक्षण भएको प्रतिवेदनको प्रतिलिपि।

३. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

४. निर्णयको प्रतिलिपि

५. निजि फर्मको हकमा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

..................

दिनेश राज पन्त

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत